# वैतनिक कानून व्यवसायीको भूमिका अभिवृद्धिसम्बन्धी राष्ट्रिय कार्यशालाद्वारा पारित प्रस्ताव, २०७८

**प्रस्तावना**

नेपालको संविधानको धारा २० को उपधारा (१०) मा प्रत्याभूत गरिएको असमर्थ पक्षलाई कानूनबमोजिम निःशुल्क कानूनी सहायता पाउने हकलाई सम्मान गर्दै,

वैतनिक कानून व्यवसायीमार्फत असहाय एवम् असमर्थ पक्षको न्यायमा पहुँचको मार्गलाई सहजीकरण गर्न अदालतले विगत ६ दशकदेखि खेल्दै आएको भूमिकाको उच्च मूल्याङ्कन गर्दै,

वैतनिक कानून व्यवसायीहरूको भूमिकालाई थप प्रभावकारी बनाई सेवाको गुणस्तरीयता अभिवृद्धि गरी असहाय एवम् असमर्थ पक्षको सबल प्रतिनिधित्वमार्फत कानूनी सहायताको प्रवर्द्धन हुने कुरामा विश्वास व्यक्त गर्दै,

२०७८ साल असार १३ र १४ गते भर्च्युअल माध्यमबाट सम्पन्न भएको "**वैतनिक कानून व्यवसायीहरूको भूमिका अभिवृद्धिसम्बन्धी राष्ट्रिय कार्यशाला**" ले देहायबमोजिमको प्रस्ताव पारित गर्दछ।

१. अदालतहरूबाट उपलब्ध हुँदै आएको वैतनिक कानून व्यवसायीको सेवाको बारेमा आम रूपमा सुसूचित गर्नु यस सेवाको प्रभावकारिताको पूर्वशर्त रहेको हुँदा अदालत, सरोकारवाला एवम् वैतनिक कानून व्यवसायीमार्फत आम रूपमा सूचना प्रवाह गर्न **समुदायमा वैतनिक कानून व्यवसायी, वैतनिक कानून व्यवसायी मेला** लगायतका कार्यक्रम सञ्चालन गर्नुका अतिरिक्त सञ्चार माध्यमहरूबाट यससम्बन्धी प्रचार प्रसार गर्ने।

२. वैतनिक कानून व्यवसायीको सेवाको गुणस्तरीयता र प्रभावकारिताको लागि योग्य व्यक्तिको नियुक्ति नै प्रमुख आधारको रूपमा हुने हुँदा वैतनिक कानून व्यवसायीको नियुक्तिलाई निष्पक्ष र थप प्रभावकारी बनाउन नेपाल बार एसोसिएसन तथा सम्बद्ध बार इकाईहरूसँगको समन्वयमा आवश्यक उपायहरूको पहिचान गरी कार्यान्वयन गर्ने।

३. वैतनिक कानून व्यवसायीको सेवाको प्रभावकारिताको लागि वैतनिक कानून व्यवसायीको क्षमता अभिवृद्धि गर्नुपर्ने कुरालाई मनन गर्दै वैतनिक कानून व्यवसायीका लागि आधारभूत एवम् पुनर्ताजागीलगायतका प्रशिक्षण कार्यक्रमहरू आवधिक रूपमा सञ्चालन गर्ने।

४. वैतनिक कानून व्यवसायीको संस्थागत विकास एवम् कार्यानुकूलको वातावरण तयार गर्न उपयुक्त भौतिक पूर्वाधार तथा आधारभूत सुविधा उपलब्ध हुनु अपरिहार्य भएकोले त्यसका लागि आवश्यक पर्ने साधन स्रोतको व्यवस्थापन गर्न नेपाल सरकारलगायत सम्बद्ध निकायहरूसँग आवश्यक समन्वय र पहलकदमी गर्ने।

५. वैतनिक कानून व्यवसायीलाई तोकिएको काम, कर्तव्य र जिम्मेवारी प्रभावकारी ढंगबाट सम्पादन गर्न र वैतनिक कानून व्यवसायीको व्यावसायिकता विकासको लागि निरन्तर अध्ययनशील रहने, लगनशील र मेहनतका साथ आफ्नो जिम्मेवारीप्रति पूर्ण प्रतिबद्ध रही कार्य गर्ने, मुद्दाको बहस पैरवीका लागि पर्याप्त तयारी गर्ने, मुद्दाका मिसिल कागजातहरू समयमै प्राप्त गर्नको लागि समन्वय गर्नेलगायत पक्षको तर्फबाट प्रभावकारी प्रतिनिधित्वको लागि सक्रियतापूर्वक क्रियाशील रहने।

६. कानूनी सहायताको उद्देश्य र मर्मअनुरूप मुद्दा दायर हुनुपूर्वको कानूनी सहायता (Pre-litigation legal aid) एवम् मुद्दा फैसलापछिको कानूनी सहायता (Post litigation legal aid) को तहसम्म वैतनिक कानून व्यवसायीको सेवा विस्तार गर्ने, मेलमिलाप हुन सक्ने मुद्दामा मेलमिलापको प्रवर्द्धन गर्ने लगायत सेवाग्राहीहरूको सेवा सुविधासम्बन्धी कार्यहरूमा वैतनिक कानून व्यवसायीलाई आवश्यकताअनुसार परिचालन गर्दै जाने।

७. अदालतहरूको कार्यबोझ एकै किसिमको नरहेकोले खासगरी कम मुद्दा संख्या भएका अदालतहरूमा वैतनिक कानून व्यवसायीको पूर्ण परिचालन वा उपयोग हुन नसकेको र वैतनिक कानून व्यवसायीले समेत काम गर्ने पर्याप्त अवसर प्राप्त गर्न नसकेको अवस्थालाई दृष्टिगत गरी कार्यबोझ कम भएका अदालतमा कार्यरत वैतनिक कानून व्यवसायीलाई आफू कार्यरत अदालतको कार्यमा कुनै अवरोध नआउने गरी वैतनिक कानून व्यवसायीको कार्यबोझ बढी भएका अन्य अदालतको काममा समेत लगाउन

सकिने गरी आवश्यक व्यवस्थापन र परिचालन गर्ने उपायहरूको पहिचान गरी कार्यान्वयन गर्ने।

८. वैतनिक कानून व्यवसायीले प्रचलित कानूनबमोजिम कानून व्यवसायीले पालना गर्नुपर्ने आचरणका अतिरिक्त वैतनिक कानून व्यवसायीको आचरण र अनुशासनका सम्बन्धमा गरिएका व्यवस्थाहरूको प्रभावकारी रूपमा पालना गर्ने गराउने।

९. वैतनिक कानून व्यवसायीले आफ्नो काम, कर्तव्य र जिम्मेवारी पूरा गर्ने सन्दर्भमा पक्षहरूसँग आवश्यक सम्पर्क, समन्वय गरी परामर्श दिने तथा मुद्दाको काम कारबाहीको अवस्थाको बारेमा जानकारी गराउनेलगायत पक्षहरूको सन्तुष्टि अभिवृद्धिका लागि प्रतिबद्धताका साथ क्रियाशील रहने।

१०. वैतनिक कानून व्यवसायीको रूपमा जिम्मेवारी प्रारम्भ गर्नुपूर्व वैतनिक कानून व्यवसायीको काम, कर्तव्य र जिम्मेवारीका बारेमा सम्बन्धित अदालतले स्पष्ट निर्देशन र मार्गदर्शन गर्ने, आवश्यक समन्वय र सहजीकरण गर्ने तथा वैतनिक कानून व्यवसायीको सेवाको आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने।

११. वैतनिक कानून व्यवसायीको सेवा पूर्णकालीन रहेको एवम् वैतनिक कानून व्यवसायीबाट उपलब्ध गराइएको सेवा विस्तारित हुँदै गएको अवस्थालाई मध्यनजर गर्दै वैतनिक कानून व्यवसायीले प्राप्त गर्ने सेवा सुविधा वृद्धि गर्ने, उत्प्रेरणा अभिवृद्धिका उपायहरूको खोजी गर्ने र यस सेवालाई वृत्तिविकाससँग आबद्ध गर्ने उपयुक्त विकल्पहरूको पहिचान गरी कार्यान्वयन गर्दै जाने।

१२. वैतनिक कानून व्यवसायीले सम्पादन गर्ने कार्यको हालको प्रतिवेदन प्रणालीलाई थप वस्तुनिष्ठ र वैज्ञानिक बनाउने, प्रतिवेदनमा औंल्याइएका सुझावहरूको कार्यान्वयन गर्ने प्रणालीको विकास गर्ने र वैतनिक कानून व्यवसायीले प्रदान गरेको सेवाको बारेमा सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण गरी आवश्यक सुधार गर्दै जाने।

१३. वैतनिक कानून व्यवसायीको सेवालाई प्रभावकारी बनाई कानूनी सहायतासम्बन्धी संवैधानिक एवम् कानूनी अधिकार र दायित्वहरूको व्यावहारिक कार्यान्वयनका लागि सरोकारवालाहरू बिचको आपसी सहयोग, सहकार्य र समन्वयलाई थप प्रभावकारी बनाउने।

१४. वैतनिक कानून व्यवसायीहरूबिच एकआपसमा प्रभावकारी समन्वय र अनुभवहरूको आदान प्रदानमार्फत सेवा प्रवाहमा प्रभावकारिता ल्याउनको लागि सबै अदालतहरूमा कार्यरत वैतनिक कानून व्यवसायीहरूको साझा फोरम विकास गर्ने । साथै, उच्च अदालत तहमा उच्च अदालत र सो मातहतका जिल्ला अदालतहरूमा कार्यरत वैतनिक कानून व्यवसायीहरूको समेत त्यसै प्रकारको फोरम तयार गरी आवश्यक समन्वय, सहकार्य र सूचना प्रणालीलाई थप प्रभावकारी बनाउने।

१५. यसै प्रकारका कार्यशाला एवम् छलफल कार्यक्रमहरू आवधिक रूपमा आयोजना गर्ने।